# कीर्तिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# नवौं नगरसभा

## आगामी आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम

पेश गरिएको मितिः२०७८ असार १० गते

# कीर्तिपुर नगरपालिकाको नवौं नगरसभाको समुद्घाटन समारोहमा नगर– उप प्रमख श्री सरस्वती रिजाल (खड्का) द्वारा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

सभाध्यक्ष ज्यू,

नगरसभाका सदस्यज्यूहरु,

कोरोना भाइरस (कोभिड–१९) को विश्वव्यापी महामारीको दोस्रो लहरले सृजित गरेको हालको बिषम् परिस्थितिका बीचमा हुन गईरहेको यस कीर्तिपुर नगरपालिकाको नवौं नगरसभामा उपस्थित सभाध्यक्षज्यू, लगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा अभिवादन प्रकट गर्दै यस कीर्तिपुर नगरपालिकाको आ.व.२०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु । यस गरीमामय सभामा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा निकै हर्षित महसुस गरेको छु ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा तीन तहका सरकारको कार्यान्वयन भएसँगै स्थानीय सरकारका सिकाईपूर्ण अभ्यासको पाँचौ वर्षमा आइपुग्दा विभिन्न आरोह अवरोहहरु पार गर्दै आफ्नो चुनौतिपूर्ण यात्राका वीचमा पनि यस नगरपालिकालाई विकास र समृद्धिकालागि हामीले प्राप्त गरेको जिम्मेवारीलाई अत्यन्त गम्भिरताकासाथ लिएको र हरपल हरघडीलाई उपयोगी र फलदायी वनाउनका लागि नगरवासीहरुवाट प्राप्त भएको अपार माया र विश्वासका कारण शासन प्रक्रियामा सम्पुर्ण तह र तप्काका नागरीकहरुको पहुँच, प्रतिनिधित्व, अर्थपुर्ण सहभागिता र अपनत्व सृजना गरी शासन र विकास पद्धतिलाई दिगो र नागरीकमैत्री बनाई नगरवासीको जनजीवनमा समेत प्रत्यक्ष अनुभुती हुनेगरी सेवा प्रवाह गर्नका लागि महत्वपूर्ण संरचनागत आधारशिलाहरु निर्माण कार्यको प्रारम्भ भएको छ । नगरवासीले सुम्पनु भएको जिम्मेवारी र हामी सबैले देखेको समृद्धीको सपनालाई साकार गर्ने क्रममा अनपेक्षित रुपमा आइपरेको कोरोना भाइरस (कोभिड–१९) को दोस्रो लहरको विश्वव्यापी महामारी चुनौती बनिरहेको अवस्थामा यसको नियन्त्रण, रोकथाम र न्यूनिकरणका लागि हरसम्भव प्रयासरत रहेका छौं । हामी यसबाट निकै पीडित र प्रभावित भएका छौं । यसको संक्रमण र जोखिम कायम रहने अवधि र यसको प्रभाव अझैं यकिन हुन सकेको छैन । जनताको जीवन रक्षा र स्वास्थ्य नै पहिलो सर्त, “आफु बचौ अरुलाई पनि बचाऔं” भन्ने अभिप्राय र कोरोना भाईरसको संकटमोचन गर्नका लागि नेपाल सरकारवाट जारी गरीएको निषेधाज्ञाका कारण हामीले थालेका विकासका प्रयासमा प्रतिकुल प्रभाव रहेता पनि स्वास्थ्य मापदण्डको पालना गरी विकासका क्रियाकलापहरु र आर्थिक गतिविधिलाई चलायमान गर्न कटिवद्ध रहदै आएका छौ । संघ र प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदान र आफ्नो आन्तरिक स्रोतको अधिकतम परिचालनबाट हामी कोरोनासँग लड्दै विकासका प्रयासहरूलाई सशक्त रुपमा सुचारु गर्दै आगामी आर्थिक वर्षका लागि परिवर्तित परिस्थिति अनुकूल केही नयाँ प्राथमिकता र कार्यक्रमसहित आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट बनाउन गइरहेका छौं ।

हामी निर्वाचित भएर आएको चौथो वर्ष पूरा गरीसक्दा प्राप्त सिकाइ, अनुभव, समयको माग र नगरवासीको आवश्यकता बमोजिम स्थानीय अर्थतन्त्रलाई गतिशील बनाउदै लोककल्याण तथा समाजवाद उन्मुख व्यवस्थातर्फको यात्रालाई स्वास्थ्य, रोजगारी सिर्जना, शिक्षा, भौतिक पूर्वाधार बिकास, आर्थिक सामाजिक

रुपान्तरण लगायतलाई प्राथमिकता दिई समाबेशी बिकास अगाडि बढाउने ऐतिहासिक जिम्मेवारीका साथ हामी बढीरहेका छौं ।

कोरोना भाईरसले सृजना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतीपुर्ण परिस्थितिका बीचमा नीति तथा कार्यक्रम प्रस्तुत गरीरहँदा कोरोना भाइरसका कारण स्वदेश तथा विदेशमा जीवन गुमाउनु भएका सम्पूर्ण नेपालीहरू प्रति हार्दिक श्रद्धासुमन र निजका परिवारजनहरुमा गहिरो समवेदना प्रकट गर्दै संक्रमितहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछु । यसैगरी कीर्तिपुर नगरपालिकामा कोरोना नियन्त्रणको लागि अग्रपंक्तिमा अहोरात्र खट्नुहुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, संचारकर्मी, जनप्रतिनिधी, राष्ट्रसेवक, स्वयंसेवक, नागरीक समाज एवं आ–आफ्नो ठाउँबाट व्यक्तिगत, संस्थागत तथा सामुहिक रुपमा क्रियाशील भई आर्थिक तथा भौतिक सहयोग गर्नुहुने सम्पूर्ण महानुभावहरू र यसको रोकथाम र नियन्त्रणका लागि आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण व्यक्ति, सरकारी, गैर सरकारी संस्था एवम् दाताहरूलाई हार्दिक धन्यवाद् दिन चाहन्छु ।

नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनाका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति दिई सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरू लगायत कीर्तिपुरका चार जना शहीदहरू लनबहादुर महर्जन, हिराकाजी महर्जन, राजमान माली र राजेन्द्र महर्जन प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै जनयुद्धको क्रममा शहीद तथा बेपत्ता हुनु भएका योद्धाहरूप्रति हार्दिक सम्मान व्यक्त गर्दछु ।

यस नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष स्वः राजकुमार माली अल्पआयु मै दिवंगत हुनु भएकोमा उहां प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना प्रकट गर्दछु । नगरपालिकाको स्थापना कालदेखि समृद्ध नगर निर्माणको अभियानमा लाग्नु हुने सम्पूर्ण अग्रज व्यक्तित्वहरूको अतुलनीय योगदानको स्मरण र उच्च सम्मान प्रकट गर्दछु । विश्व व्यापीरुपमा फैलिएको कोभिड–१९ को महामारीले नेपालमा पनि दिनानुदिन आक्रामक रुप लिइरहेको छ । यसबाट छिट्टै छुट्कारा पाई हामी साविक बमोजिमका नियमित गतिविधिमा फर्कन सकौं भन्ने कामना गर्दछु ।

यस नगरपालिकाले विकास निर्माण र सामाजिक न्यायको क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरेको छ। सही नीति, सक्षम नेतृत्व, दृढ आत्मविश्वास र सर्मपणका साथ अघि बढ्दा विकासको अभियानलाई तिव्रता दिन सकिन्छ भन्ने सकरात्मक सन्देश सम्प्रेषण गर्न हामी सफल भएका छौं । जस्तोसुकै संकटका वीचमा मानव जीवनको रक्षा गर्दै आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने काममा नगरपालिका जुटिरहेको छ। मुलुककै समुन्नत र समृद्ध नमुना नगरपालिका बनाउने उदेश्यका साथ कार्यसम्पादन गर्दै आएका छौं ।

सभाध्यक्ष महोदय,

## वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरुः-

- नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दीष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरू,
- नेपाल सरकारको विनियोजन विधयेक, २०७८ का सिद्धान्त र प्राथमिकताहरू,

- नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ को बजेट,
- पन्ध्रौ योजनाका लक्ष्य र प्राथमिकताहरु,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा निर्देशित तात्कालिन आवश्यकता पहिचान तथा संवेदनशील योजना तर्जुमा ढाँचा,
- बागमती प्रदेशको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, का विभिन्न प्रावधानहरू,
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित),
- विषय विज्ञ तथा सरोकारवालाहरूबाट प्राप्त राय/सुझावहरू,
- बिगत बर्षहरूमा सम्पन्न भएका नगर सभाहरूबाट पारित भएका निर्णयहरू,
- स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति तथा विषयगत समितिहरूबाट प्राप्त राय सल्लाह र सुझावहरू,
- लेखापरीक्षण प्रतिवेदन लगायत विभिन्न कार्यक्रममा प्राप्त सुझावहरू,
- कीर्तिपुरका मौलिक पहिचान तथा विशेषताहरू,
- दीगो विकासका लक्ष्यहरू ।

## मुख्य नीतिहरू

यो नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूल रुपमा निम्न लिखित मुख्य नीतिहरूको आधारमा क्षेत्रगत बजेट, नीति, योजना तथा कार्यक्रम अगाडि बढाइनेछ ।

- आधारभूत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच पुर्‍याई कोरोना र यसका लहरको असरलाई न्युनिकरण गरी जनजीवन सहज तुल्याई अर्थतन्त्रलाई परिचालन गरिनेछ ।
- नगरक्षेत्रभित्र आ.व. २०७८/०७९ मा दर्ता हुने सबै प्रकारका पेशा, व्यवसायहरुलाई बार्षिक शुल्क नलिई व्यवसाय दर्ता गर्ने बिषेश व्यवस्था मिलाईनेछ ।
- महिला, अशक्त अपाङ्ग, दलित, सिमान्तकृत, यौनिक अल्पसङ्ख्यकहरुद्वारा यस नगर क्षेत्रमा सञ्चालित पेशा व्यवसायहरु नविकरण गर्दा ५०% छुट दिने व्यवस्था मिलाइनेछ ।
- महिला समुह, महिला सहकारीहरुलाई विशेष प्राथमिकता दिई क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रमहरु ल्याईनेछ ।
- आ.व. २०७८/०७९ को बहाल कर तथा सम्पत्तीकर सोहि आ.व. को प्रथम त्रैमासिकमा चुक्ता गर्नेलाई १०%, दोस्रो त्रैमासिकमा चुक्ता गर्नेलाई ५% छुटको विशेष व्यवस्था गरिनेछ ।
- घरघरमा स्थानीय सरकार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सबै वडाहरुमा वडा स्तरीय र केन्द्रमा नगरस्तरीय किशोर-किशोरी सञ्जाल गठन गरी विशेष कार्यक्रम ल्याईने छ ।
- सबै वडाहरुमा वडा स्तरीय र केन्द्रमा नगरस्तरीय युवा परिषद् गठन गरी विशेष कार्यक्रम ल्याईने छ ।

- खुला दिसामुक्त, पूर्ण खोपयुक्त र पूर्ण साक्षर नगरपालिका घोषित यस नगरपालिकालाई वालश्रममुक्त, बालमैत्री तथा वातावरणमैत्री नगरपालिकाका रुपमा स्थापना गर्ने नीति अवलम्वन गरिनेछ ।
- आयोजना छनौट गर्दा तत्काल प्रतिफल प्राप्त हुने र आगामी आर्थिक वर्षमा सम्पन्न हुने योजनाहरूलाई विशेष जोड दिइनेछ ।
- आयोजनाहरू सम्पन्न गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँग साझेदारी गरी सञ्चालन गर्ने प्रक्रियालाई अघि बढाइनेछ ।
- योजना कार्यान्वयन गर्दा थप पारदर्शी, जवाफदेही एवं नतिजामुखी हुने गरी प्रशासनिक व्यवस्था मिलाइनेछ ।
- योजना परिचालन गर्दा दोहरिन नदिन संघ, प्रदेश र स्थानीय तह बीच समन्वयात्मक ढंगले सेवा प्रवाह गर्नुका साथै सरकारी तथा गैर सरकारी संघसंस्थाहरूसँग समन्वय गरी कार्यक्रम अगाडि बढाइनेछ ।
- योजना छनौट गर्दा सम्भव भएसम्म स्थानीय श्रोत र श्रममा आधारित परियोजनाहरूलाई प्राथमिकता दिइनेछ । श्रम परिचालन गर्दा कमजोर वर्ग लाभान्वित हुने, रोजगारी सृजना हुने नीति अबलम्बन गरिनेछ । विगतका नगरसभाबाट पारित नीति तथा कार्यक्रमहरूलाई यथासम्भव निरन्तरता दिइनेछ ।
- विष्णुदेवी अस्पताललाई तोकिएको मापदण्डमा आगामी आर्थिक बर्षमा पूर्णरुपमा सञ्चालनका लागि आवश्यक व्यवस्था गरिनेछ । संघीय तथा प्रदेश सरकारवाट प्राप्त हुने र अन्य सम्पूर्ण श्रोत साधनलाई केन्द्रिकृत गरी विष्णुदेवी अस्पतालको सेवालाई गुणस्तरीय, विश्वासिलो तथा सुलभ बनाइनेछ ।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०७८/२०७९ को लागि विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गईरहेको छु ।

## <u>क्षेत्रगत नीतिहरू</u>

### (१) कोभिड–१९ बाट सिर्जित संकट व्यवस्थापन

कोभिड–१९ बाट पर्नसक्ने नकारात्मक असरहरूको आंकलन गर्न स्वास्थ्य स्थिति, बेरोजगारी, स्वास्थ्य संस्थाहरूको भौतिक अवस्था स्वास्थ्य क्षेत्रमा कार्यरत जनशक्ति तथा जनसमुदायको बसोबासको स्थिति आदि समेटिएको संकलित तथ्याङ्कका आधारमा सङ्क्रमण जोखिमको आंकलन गरी सोको व्यवस्थापन गरिनेछ ।

कोरोना तथा अन्य सरुवा रोग सङ्क्रमण हुनबाट बच्ने बचाउने, नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गर्ने, कोरोना सङ्क्रमणको परीक्षण गर्ने, सङ्क्रमित व्यक्तिहरूको व्यवस्थापन गर्ने, सङ्क्रमण नियन्त्रणमा खटिने जनशक्तिको व्यवस्थापन गर्नुका साथै यसको लागि आवश्यक पर्ने भौतिक पूर्वाधार, आर्थिक व्यवस्थापन र जनपरिचालन गर्ने कार्य नै कीर्तिपुर नगरपालिकाको यस वर्षको मुख्य कार्यभार रहेकाले कोरोना नियन्त्रणको लागि संघीय सरकार, प्रदेश सरकार र अन्य निकायसँगको सहकार्यका साथै कीर्तिपुर नगरपालिकाले आफ्नै पहलमा निम्न कार्यहरू गर्ने व्यवस्था मिलाइनेछ ।

क) कोभिड-१९ र यसका भेरियन्टहरुबाट पर्ने असरलाई न्युनिकरण गर्नका लागि आवश्यकता अनुसार थप आईसोलेसन सेन्टर र उपचार केन्द्र व्यवस्थापन गरिनेछ ।

ख) अक्सिजन प्लान्ट (Oxygen Plant) र कोभिड वार्ड (Covid Ward) स्थापना तथा सञ्चालन एवं संघीय सरकारको आर्थिक सहयोगमा २५ बेडको High Dependency Unit (HDU) स्थापना र सञ्चालन गरिनेछ ।

ग) कोभिड-१९ संक्रमितहरुलाई स्वास्थ्यमा गम्भिर समस्या नदेखिएसम्म सकभर होम आईसोलेसनमा बस्न प्रोत्साहन गरी निरन्तर सम्पर्कमा रही टेलिमेडिसिन सेवा उपलब्ध गराईनेछ ।

घ) पिसिआर परीक्षण गर्नका लागि स्थापित प्रयोगशालालाई निरन्तरता दिई एन्टिजेन परिक्षणलाई समेत कार्यन्वयनमा ल्याईनेछ साथै कन्ट्याक्ट ट्रेसिङ्गको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

ङ) विभिन्न संघसस्था, नागरीक समाज एबं सरोकावाला पक्षहरुसँगको सहकार्यमा कोरोना विरुद्ध अभियान सञ्चालन गरी विभिन्न जनचेतना अभिबृद्धि कार्यक्रम र कोरोना सहायता कक्ष सञ्चालन गरिनेछ ।

च) संघीय सरकारको सहयोग र समन्वयमा यस नगरक्षेत्रका कोरोना संक्रमितहरूलाई कीर्तिपुर अस्पतालमा निःशुल्क उपचारको प्रबन्ध गर्न पहल गरिनेछ ।

छ) कोरोना सङ्क्रमण व्यवस्थापनको लागि भौतिक अवस्थामा मात्र होइन, उच्च मनोवलका साथ काम गर्नु पर्ने भएकोले मनोवैज्ञानिक परामर्श, रोग प्रतिरोधात्मक क्षमता अभिवृद्धि, योग, ध्यान जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

ज) संघीय सरकारसँग समन्वय गरी कोरोना विरुद्धको खोपका लागि प्रदेश तथा सबै नगरबासीलाई खोप दिलाउनका लागि जोडदार पहल गरिनेछ ।

झ) कोभिड-१९ र यसका भेरियन्टहरुबाट बच्न मास्क लाउने, हात धुने, सेनिटाईजर प्रयोग गर्ने, दुरी कायम गर्ने लगायत न्यूनतम व्यक्तिगत सरसफाइमा ध्यान दिनका लागि जन चेतनामुलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ ।

## (२) सामाजिक विकास क्षेत्र

### २.१ स्वास्थ्य

क) नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको क्षमता बिकास गरी स्वास्थ्य सेवामा जोड दिदै स्वास्थ्य सेवालाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउँदै लगिनेछ ।

ख) आधारभुत स्वास्थ्य सेवामा सबै नागरीकको पहुँच सुनिश्चित गर्न स्वास्थ्य बिमा कार्यक्रमको व्यापक प्रचारप्रसार गरी जनताको घरदैलो सम्म सेवा पुऱ्याईनेछ ।

ग) कोभिड-१९ तथा अन्य महामारी रोकथाम, नियन्त्रण र ब्यबस्थापनको लागि दीर्घकालीन योजना बनाइनेछ र महामारीजन्य रोगको खोज पड्तालको लागि बिशेष तयारी सहित टोलि परिचालन गरिनेछ ।

घ) सबै स्वास्थ्य संस्थामा न्यूनतम सेवा मापदण्ड लागु गरी निरन्तर फलोअप गरिनेछ र सोका लागि आवश्यक पर्ने औजार, उपकरण तथा अन्य सामग्रीको ब्यबस्थापन गरिनेछ ।

ङ) नगरक्षेत्र भित्र संचालित स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार क्रमश: सुधार गर्दै लैजाने एवं पर्याप्त औषधि तथा उपकरण ब्यवस्थापनका लागी आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

च) स्वास्थ्यकर्मीहरुको मनोबल उच्च राख्न निरन्तर प्रोत्साहन गरिनेछ, नगरपालिका मातहतका स्वस्थ्य संस्था र स्वास्थ्यकर्मीहरुको कार्यसम्पादन मूल्यांकनको परिपाटी बसालिनेछ ।

छ) स्वस्थ कीर्तिपुर, समृद्ध कीर्तिपुर बनाउन बिभिन्न अभियानहरू सञ्चालन गरिनेछ।

ज) ध्यान र योग को माध्यमबाट स्वास्थ्य शिविर सञ्चालन, सकारात्मक सोच र व्यक्तित्व विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रम तथा प्रशिक्षण सञ्चालन गरिनेछ ।

झ) आवश्यक जनशक्ति सहित समय सापेक्ष उपयुक्त सामाजिक मनोपरामर्श केन्द्र सञ्चालन गरिनेछ ।

ञ) "स्वास्थ्य उपचार विमा कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।

ट) पूर्ण खोपयुक्त नगरपालिकालाई निरन्तरता दिने र खोप सेवालाइ अझै ब्यबस्थित एवं प्रभावकारी बनाइनेछ।

ठ) आर्थिक सामाजिक रूपमा पछाडी पारिएका महिला बालबालिका, दलित, जेष्ठ नागरीकहरूको स्वास्थ्य सुधारमा बिशेष जोड दिईनेछ ।

ड) कुपोषणमुक्त नगरपालिका घोषणा अभियान कार्यक्रम क्रमशः सञ्चालन गर्दै लगिनेछ ।

ढ) महिला स्वास्थ्य स्वयमसेविकाहरूलाई प्रोत्साहित गर्न बिभिन्न कार्यक्रमहरू सञ्चालन र दीर्घकालीन सेवाका लागि सम्मानजनक विदाई गर्न विशेष योजना ल्याईनेछ ।

ण) आर्थिक स्थिति कमजोर भएका दीर्घ रोगीहरूलाई स्वास्थ्य सेवा सुलभताका लागि स्वास्थ्य बिमा गरी दिने व्यवस्था मिलाईनेछ ।

त) माहामारी रोग न्यूनिकरण, नियन्त्रण र निवारण कार्यलाई प्रभावकारी बनाउन तालिम प्राप्त Rapid Response Team (द्रुत प्रतिकार्य टोली) परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

थ) नगरमा लैंगिक हिंसा व्यवस्थापन केन्द्र स्थापना गर्न पहल गरिनेछ।

द) आगामी आ.व. मा एकिकृत सिघ्र कुपोषण व्यवस्थापन कार्यक्रम अन्तर्गत बिष्णुदेवी अस्पतालमा बहिरंग उपचार केन्द्र (OTC) र अन्तरंग उपचार केन्द्र (ITC) सेवा सेन्टर स्थापना गरिनेछ।

ध) हात्तीपाईले रोग निवारण अभियानलाई निरन्तरता दिईनेछ ।

न) १५ शैयासम्मको अस्पताल, नर्सिङहोम, निदान केन्द्र, क्लिनिक तथा अन्य स्वास्थ्य संस्थाहरू दर्ता, औषधी पसल सञ्चालन अनुमति प्रदान गर्न कार्यविधि बनाई नियमित अनुगमन र सुपरिवेक्षण गरिनेछ ।

ऩ) लागुऔषध दुर्व्यसन नियन्त्रण र न्युनीकरण गर्न विभिन्न प्रवर्द्धनात्मक एंव नियन्त्रणमूलक क्रियाकलापहरू सञ्चालन गर्ने र कुलतबाट किशोर-किशोरीहरूलाई बचाउन विद्यालयमा “साथी शिक्षा कार्यक्रम” तथा स्वास्थ्य संस्थाहरूलाई किशोरकिशोरी मैत्री बनाईनेछ ।

प) बहुक्षेत्रीय पोषण योजना कार्यक्रम सञ्चालन गरी पोषण तथा खाद्य सुरक्षा बारे विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

फ) अतिरोग, असाध्यरोग लागेका बिपन्न नागरीकहरूलाई निःशुल्क औषधी उपचारका लागि आवश्यक पहल गरिनेछ ।

ब) आमा सुरूक्षा कार्यक्रमलाई थप व्यवस्थित बनाउँदै लगिनेछ, नगरस्तरीय सुरक्षित मातृत्व आकस्मिक कोषको स्थापना गरिनेछ ।

भ) गर्भवती तथा सुत्केरी महिलाहरुलाई निशुल्क आइरन तथा क्याल्सियम चक्की वितरण गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

म) स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला तथा अल्ट्रासाउण्ड सेवा बिस्तार गरिनेछ ।

य) सुत्केरी पोषण स्याहार कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

र) पानीजन्य प्रदुषण र फोहरका कारण फैलिने महामारी रोग आदिको नियन्त्रण गर्न र सरसफाई प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

ऱ) सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका जेष्ठ नागरीकहरुलाई निशुल्क वितरण गरिंदै आएको उच्च रक्तचाप र मधुमेह रोगको औषधी वितरण कार्यक्रमलाई निरन्तरता दिनुका साथै प्रेसर

र सुगरबाट पिडित यस नगरक्षेत्रका एकल महिलाहरू र सुगर प्रेसर रोगबाट पिडित सबै किसिमका पूर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरूलाई समेत निःशुल्क औषधी उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

ल) नगरपालिका मातहतका विभिन्न स्वास्थ्य संस्थाहरु मार्फत साप्ताहिक रुपमा चिकित्सकीय (ओ.पि.डी.) सेवा उपलब्ध गराउनुका साथै म.स्वा.स्व.सेविका र महिला समुहका सदस्यहरुको परिचालन गरी रक्तचाप र मधुमेह जाँच सेवालाई निरन्तरता दिइनेछ ।

व)स्वास्थ्य संस्थाजन्य फोहरमैला बिसर्जनका लागी बिशेष कार्यक्रम ल्याइनेछ ।

## २.२ शिक्षा

क) विद्यालयको पूर्वाधार विकास, गुणस्तर सुधार कार्यक्रम अन्तर्गत online, digital education, e–library र विज्ञान प्रयोगशाला तथा पुस्तकालय र सार्वजनिक पुस्तकालय व्यवस्थापन कार्यमा समयसापेक्ष सुधार गरिनेछ ।

ख) विद्यालयहरुलाई आवश्यकता अनुसार समायोजन गरिनेछ ।

ग) विद्यालयहरुमा स्थानीय परिवेशसँग सुपरिचित नागरिक निर्माण गर्न स्थानीय पाठ्यक्रम लागू गरिनेछ ।

घ) एक विद्यालय एक नर्स, एक विद्यालय एक पहिचान तथा एक विद्यालय एक सम्पदा कार्यक्रमलाई विस्तार गरिनेछ ।

ङ) सामुदायिक, सार्वजनिक शैक्षिक गुठी र संस्थागत उत्कृष्ट विद्यालयहरुलाई आधारभूत तहमा नतिजामुखी पुरस्कारको व्यवस्था मिलाई प्रोत्साहन गरिनेछ ।

च) नगर शिक्षा विकासका लागि १० वर्षे आवधिक शैक्षिक योजना, शिक्षा नियमावली एवं कार्यविधि तयार गरी लागु गरिनेछ ।

छ) प्राविधिक उच्च शिक्षा अध्ययन गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीहरुका लागि बैंक मार्फत सहुलियतपूर्ण ऋणलाई निरन्तरता दिइनेछ ।

ज) विद्यार्थी संख्या तथा विषयको आधारमा नगर क्षेत्रका सामुदायिक विद्यालयहरुमा कार्यविधि बमोजिम दरबन्दी मिलान गरिनेछ ।

झ) नगरपालिकाभित्र सञ्चालित महिला, अपाङ्ग, सुस्त, असहाय तथा एच.आई.भी संक्रमित लगायत विशेष प्रकृतिको अध्ययन अध्यापन गराउने विद्यालयहरुलाई संरक्षण र प्रबर्द्धनको नीति अवलम्बन गरिनेछ ।

ञ) गरिब, जेहेन्दार तथा अन्य आधारमा पिडित रहेका विद्यार्थीलाई उत्थान गर्नका लागि कोष स्थापना गरी छात्रवृतिको व्यवस्था गरिनेछ ।

ट) प्राविधिक शिक्षालय स्थापना र सञ्चालन कार्यक्रम अगाडि बढाइनेछ ।

ठ) बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी, विद्यालय सहयोगी र स्वयंसेवक शिक्षकहरुको वृद्धि विकासमा विषेश ध्यान दिइनेछ ।

ड) मेयरसँग बालबालिका कार्यक्रम संचालन गरिनेछ ।

ढ) शिक्षा क्षेत्रमा सहभागिता र बिचार कार्यक्रम अन्तर्गत शैक्षिक पत्रिका प्रकाशन, शैक्षिक सुदृढीकरण तथा सुशासनका लागि सूचना तथा तथ्याङ्क व्यवस्थापन र शैक्षिक अनुसन्धान कार्यलाई विशेष महत्व दिइनेछ ।

ण) त्रि.बि. लगायत अन्य विश्वविद्यालय तथा संस्थासंग सहकार्य गरी विभिन्न अनुसन्धानमूलक कार्यक्रम अघि बढाईनेछ ।

## २.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण

क) प्रत्येक वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गरिदै लगिनेछ ।

ख) स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ग) छुवाछुत विरुद्ध सचेतनामूलक कार्यक्रम अगाडि बढाई छुवाछुतमुक्त नगर घोषणा गरिनेछ ।

घ) विपन्न, दलित र पछाडि पारिएका वर्गको सशक्तिकरण कार्यक्रम तथा स्थानीय सीपलाई आधुनिकिकरण सहित रोजगारमुलक तालिम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

ङ) की.न.पा-४ स्थित तामाङ्ग गाउँ विशेष तामाङ्ग सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

च) अपाङ्गता मैत्री संरचनाहरूको विकास गर्दै लगिनेछ ।

छ) अपाङ्गता भएका व्यक्तिहरूका लागि शैक्षिक तथा खेलकुद, सामग्री तथा रोजगारमूलक तालिमको व्यवस्था गरिनुका साथै आवश्यकता अनुसार सहायता सामाग्रीको समेत उचित प्रबन्ध मिलाइनेछ ।

ज) सुस्त श्रवण तथा वहिरा व्यक्तिहरूको सहजताका लागि दोभाषेको व्यवस्था गरिनेछ ।

झ) “क” वर्गको परिचय-पत्र (रातो कार्ड) प्राप्त बिरामी स्याहारकर्तालाई मासिक “स्याहार भत्ता” कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ञ) प्रत्येक वडामा गठित बाल सञ्जाललाई खेलकुद प्रशिक्षण तथा सामग्री वितरण गरिनेछ ।

ट) बालमैत्री स्थानीय नगर घोषणाका लागि आवश्यक आधारहरू तयार गर्दै लगिनेछ ।

ठ) संगठित संस्था तथा महिला समूहसँगको सहकार्यमा तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ । महिला उद्यमशिलताको विकास गर्न बिउ पूँजी सहयोग कार्यक्रम ल्याइनेछ ।

ड) नगरपालिकाद्वारा सञ्चालन गरीने विभिन्न कार्यक्रमहरूमा युवाहरूको ज्ञान, सिप र क्षमताको सदुपयोगको नीति लिइनेछ ।

ढ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी गै.स.स.हरूको कामको नियमित अनुगमन र नियमन गरिनेछ ।

ण) यौनिक अल्पसंख्यकहरूको सशक्तिकरण र क्षमता अभिवृद्धि तथा रोजगारमुलक कार्यक्रममा जोड दिइनेछ ।

त) युवाहरू माझ सामाजिक  आर्थिक परियोजना मार्फत उत्कृष्ट परियोजनालाई पुरस्कृत गरी सो परियोजना लागु गर्ने नीति लिइनेछ ।

थ) लैंगिक हिंसा विरुद्धको अभियानलाई निरन्तरता दिइनेछ ।

द) योजना तर्जुमा र कार्यान्वयनमा महिलाको सहभागिता र लाभ सुनिश्चित गर्नका लागि लैङ्गिक उत्तरदायी बजेट (GRB) को अवधारणा अनुसार महिलाहरुको क्षमता विकास हुने, सहभागिता हुने, रोजगारी अभिवृद्धि हुने र महिलाहरुको परम्परागत कार्यबोझमा कमी ल्याउने व्यवस्था मिलाइनेछ ।

ध) विभिन्न योजना तथा कार्यक्रम कार्यान्वयनमा दिगो विकास लक्ष्य स्थानीयकरण (SDG Localization) को नीति अबलम्बन गरिनेछ ।

न) नगरपालिकाबाट पारित लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीतिलाई कार्यान्वयनमा ल्याइनेछ ।

ऩ) जोखिममा परेका सिमान्तकृत वर्गको उत्थानका लागि विषेश कार्यक्रम ल्याइनेछ ।

प) लोकतान्त्रिक आन्दोलनमा कीर्तिपुरका महिलाहरूले खेलेको भूमिकाको दस्ताबेजिकरण गरिनेछ ।

फ) यस नगरक्षेत्र भित्रका महिला समुहहरूद्वारा बिक्रि प्रयोजनका लागि उत्पादन गरिएका सामानहरुको ब्रान्डिङ्ग गरी बिक्रि वितरणलाई सहज बनाइनेछ ।

ब) अनौपचारिक/असंगठित क्षेत्रमा कार्यरत मजदुरहरुको अभिलेख तयार गरिनेछ ।

भ) यस नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्यरत संचार जगतलाई आर्थिक सहयोग गर्ने नीति लिईनेछ ।

## २.४ संस्कृति, सम्पदा तथा भाषा लिपि संरक्षण

क) परापूर्वकालदेखि चलिआएको बाजागाजा, संस्कृति तथा जात्रापर्वको सम्बर्द्धन र प्रबर्द्धन कार्यलाई निरन्तरता दिइनेछ ।

ख) नगर क्षेत्रभित्र बसोवास गर्ने प्रत्येक जात, जाति एवं समुदायहरूको प्राचीनकालदेखि चल्दै आएको मौलिक संस्कृति (भाषा, भेषभुषा, चाडपर्व आदि) लाई संरक्षण एवं प्रबर्द्धन गर्दै लैजाने नीतिलाई थप प्रभावकारी बनाइने छ ।

ग) स्थानीय भाषा र लिपि विकासका लागि नेपालभाषा साहित्य नखः लगायत विविध कार्यक्रम ल्याइनेछ ।

घ) दाफा प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ङ) परम्परागत शैलिको घर निर्माण गर्दा सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

च) सम्पदा संरक्षण सम्बन्धि ऐन बनाई लागू गरिनेछ ।

## २.५ खानेपानी तथा सरसफाई

क) नगरक्षेत्रभित्रका खानेपानी मुहानहरुको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थित रुपमा स्वच्छ खानेपानी उपभोगका लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

ख) सार्वजनिक शौचालय निर्माण, सञ्चालन तथा व्यवस्थापन निर्देशिका कार्यान्वयनमा ल्याईनेछ ।

ग) नगरभित्रका सबै क्षेत्रहरूमा ढल निकासका लागि पूर्वाधार तयार गरिदै लगिनेछ ।

घ) आकाशे पानी संकलन कार्यमा स्थानीय संघ संस्थाहरुको सहभागितामा ऐतिहासिक पोखरीहरुको संरक्षण गरी जमिनमा पानी रिचार्ज गर्ने कार्य गरिनेछ ।

ङ) सम्पूर्ण नगर क्षेत्रमा पानीसहितको धारा जडान गराईनेछ ।

## (३) आर्थिक विकास क्षेत्र

३.१ पर्यटन विकास

क) कीर्तिपुर नगरको एकिकृत पर्यटकीय गुरुयोजनका आधारमा पर्यटन विकास परियोजना सञ्चालन गरिनेछ ।

ख) पर्यटनलाई जनताको आर्थिक क्रियाकलापसँग एकाकार गर्न पर्यटनका आधारहरू स्थानीय पथ प्रदर्शक लगायतका अन्य तालिम सञ्चालन र होमस्टे व्यवसायलाई प्रबर्द्धन गरिनेछ ।

ग) नगर क्षेत्रका धार्मिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरूको प्रचार प्रसार, संरक्षण, सम्बर्द्धन, प्रबर्द्धनमा जोड दिइनेछ ।

घ) बाह्य तथा आन्तरिक पर्यटकलाई मध्यनजर गर्दै पर्यटन सूचना तथा सेवा केन्द्र भवन निर्माण कार्य सम्पत्र गरी सञ्चालनका लागि आवश्यक पूर्वाधार (कीर्तिपुर सम्बन्धि अंग्रेजी र नेपाली भाषामा पाश्र्वचित्र, पर्यटकीय नक्शा, Brochure) लगायतका सामग्री र जनशक्ति व्यवस्थापन गरिनेछ ।

ङ) पर्यटन प्रवर्द्धनसँग सम्बन्धित परम्परागत उत्पादनको संरक्षण तथा सम्बर्द्धनका लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।

च) मन्जुश्री पार्क, शहिद राराहिल पार्क, आदिनाथ पार्क, पुष्पलाल स्मृति पार्क लगायत अन्य पार्कको निर्माणलाई निरन्तरता दिंदै व्यवस्थापन गरिनेछ ।

छ) वडा नं ७ अवस्थित विष्णुदेवी मन्दिर परिसरमा रहेको पार्कलाई स्व. राजकुमार माली स्मृति पार्कका रूपमा नामाकरण सहित विकास गरिनेछ ।

ज) वडा नं. ४ स्थित चम्पादेवीमा रहेको नेपाल राष्ट्रिय साँस्कृतिक संग्रहालयलाई संघीय सरकारसँग समन्वय गरी  निर्माण तथा सञ्चालन गर्न पहल गरिनेछ ।

झ) नगर क्षेत्रभित्रका सम्पदा मार्गको पहिचान गरी प्रवर्द्धन गरिनेछ ।

ञ) पर्यटन प्रबर्द्धनार्थ पर्यटन सम्बद्ध जनशक्ति तथा विद्यालयमा चिनियाँ भाषा लगायत अन्य भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

ट) नेपाल पर्यटन बोर्डको सहयोगमा नेपालमै पहिलो शहरको रुपमा भएको Kirtipur City Branding लाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रचार, प्रसार तथा प्रबर्द्धन गरिनेछ ।

ठ) चम्पादेवी — भष्मासुर डाँडा — चन्द्रागिरी जोडिएका अन्य पालिकाहरू समेटेर एकिकृत पर्यटकीय क्षेत्र बनाउन सुरू गरिनेछ ।

## ३.२ रोजगार

क) नगरक्षेत्र भित्रका बेरोजगारहरुको तथ्याङ्क अध्यावधिक गरी सूचीकृत गरिनेछ ।

ख) नगर क्षेत्रमा श्रम बैंक स्थापना गर्ने अवधारणालाई निरन्तरता दिइने छ।

ग) निजीक्षेत्रसँगको सहकार्यमा रोजगारको श्रृजना गर्ने व्यवसायीको लागि तालिम तथा अन्य कार्यक्रमहरुको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

घ) नगरपालिकाद्वारा सञ्चालित पूर्वाधार निर्माण कार्य गर्दा सूचीकृत मानवीय श्रमलाई उच्च प्राथमिकता दिइनेछ ।

ङ) प्राविधिक तथा व्यवसायिक तालिम केन्द्र स्थापना गर्न विशेष पहल गरिनेछ ।

च) बैदेशिक रोजगारीबाट फर्केकाहरूको सीप, ज्ञान र क्षमताको पूर्ण उपयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

छ) नगरभित्र घरेलु, साना तथा मझौला उद्योग स्थापना र सञ्चालन गरी स्थानीय श्रमिकहरूलाई रोजगारी प्रदान गर्न उद्योगी व्यवसायीलाई सरल र सहुलियतपूर्ण कर्जाको लागि नगरपालिकाले आवश्यक पहलकदमी लिनेछ साथै वित्तीय संस्थाबाट लिइएको ऋणको व्याजमा अनुदान सहयोग उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

ज) नगर क्षेत्रभित्र उपलब्ध हुने कच्चा पदार्थ प्रयोग गरेर स्थानीय श्रम प्रयोग गरी घरेलु तथा साना उद्योग स्थापना गरी रोजगार श्रृजना गर्ने व्यवसायीहरूलाई विशेष अनुदान सहयोगको व्यवस्थालाई निरन्तरता दिइनेछ।

झ) "एक वडा १० जनालाई सीपमुलक तालिम" कार्यक्रम सञ्चालन गरिनेछ ।

ञ) नगर क्षेत्रमा उत्पादित वस्तुहरूको प्रवर्द्धनका लागि कोसेली घरको स्थापना गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

ट) कीर्तिपुरको पहिचानको रुपमा रहेको हाते तान पुनरुत्थानका लागि ल्याईएको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## ३.३ सहकारी विकास

क) नगर र नगरवासीको आर्थिक तथा सामाजिक विकासका लागि तीन खम्बे अर्थनीतिको सारलाई ग्रहण गर्दै सहकारी क्रियाकलापहरुलाई सोही अनुरुप अगाडि वढाउन नगरपालिकाले खेल्दै आएको उत्प्रेरकको भूमिकालाई निरन्तरता दिइनेछ ।

ख) सहकारी ऐन, नियमावलीका आधारमा सबै सहकारी संस्थाहरुको नियमित प्रतिवेदन लिने, स्थलगत अनुगमन, वार्षिक साधारण सभा, आवधिक निर्वाचनमा सहजिकरण गर्ने कार्यलाई आगामी आ.व. वर्षमा थप प्रभावकारी बनाईनेछ ।

ग) सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक महत्वपूर्ण स्तम्भका रुपमा विकास गरी सबै सामाजिक तथा आर्थिक क्षेत्रमा सहकारिताको भावना विकास गर्ने गरी नेपाल सरकारवाट भर्खरै सार्वजनिक गरीएको नीतिलाई आत्मसात गर्दै सहकारी क्षेत्रको नियमन, प्रवर्द्धन र प्रशिक्षणका विशेष

कार्यक्रमहरु सहकारी संघहरु, सहकारी बैंक तथा सरोकारवाला पक्षहरु संगको सहकार्य सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

घ) सहकारी तथा गरीबी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) सफ्टवेयरलाई नेपाल सरकारले तय गरेको नीति तथा कार्यक्रम अनुसार सम्बन्धित विभागसँग समन्वय गरी नगरक्षेत्र भित्रका सबै सहकारी संस्थालाई अनिवार्य गरीएकोमा सो अनुसार भए नभएको कडाईका साथ अनुगमन गरिनेछ ।

ङ) आगामी आ.व.२०७८/७९ मा सहकारी सम्बन्धी आवश्यक नयाँ कानून, नीति निर्माण तथा अद्यावधिक गर्दै लगिनेछ । कीर्तिपुर सहकारी संघ लिमिटेड सहित सहकारी अभियानसंग सहकार्य गरी सहकारी संस्थाहरुको तर्फवाट नगरपालिका, नगरवासी तथा आफ्नो समुदाय प्रति रहेको सामाजिक उत्तरदायित्व वहन गर्ने कार्यलाई पारदर्शी, व्यवस्थित तथा प्रभावकारी बनाउन प्रेरित गरीने छ ।

च) सहकारी ऐनलाई थप स्पष्ट र प्रभावकारी बनाउन, ऐन वमोजिम सहकारी संस्थाहरुको कार्य सम्पादनका आधारमा लगाइने कर, जरिवाना लगायतका प्रावधानलाई पूर्व अनुमानयोग्य बनाई कार्यान्वयनमा ल्याउन आवश्यक प्रशासनिक व्यवस्था मिलाईनेछ ।

## ३.४ कृषि तथा पशु विकास

क) हाल कृषि उत्पादनका लागि प्रयोगमा आएका र नआएका खेती योग्य जमिनको पहिचान गरी उक्त क्षेत्रलाई कृषि उत्पादन क्षेत्र तोक्ने र उक्त कृषि क्षेत्रको अधिकतम उपयोग गर्न/गराउन समुह/सहकारी/कृषकहरु लाई आवश्यक कृषि अनुदान/कृषि उत्पादन सामग्री/कृषि राहत प्याकेज सर्वसुलभ रुपमा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

ख) वडागत कृषि उत्पादनमा संलग्न कृषक, ब्यवसायी, उद्यमीको वास्तविक संख्या र उनीहरुको विद्यमान अवस्थाको विवरण संकलन गरी नगरपालिका स्तरीय कृषक परिचयपत्रको ब्यवस्था मिलाइने छ ।

ग) साना/सिमान्तकृत/विपन्न वर्गका कृषकहरुलाई कृषि/पशु विकासका लागि मौसम/अवस्था अनुसार आवश्यक कृषि सामग्रीहरु (बिउ, मल, विषादी, कृषि औजार, दाना चोकर/औषधी आदि) निशुल्क उपलब्ध गराउने व्यवस्था मिलाईने छ।

घ) ठुला तथा ब्यवसायिक कृषकहरुलाई उत्पादन परिमाण र क्षेत्रफलका आधारमा कृषि सामग्री ५० प्रतिशत अनुदानमा (बिउ, मल, विषादी, दाना चोकर/औषधी आदि) उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

ङ) कृषि/पशु क्षेत्रको विकासका लागि सेवा/टेवा दिन एक वडा एक कृषि/पशु प्राविधिकको व्यवस्था मिलाउने व्यवस्था गरिनेछ ।

च) भु-बनोट तथा गुण अनुसारका बालीहरुको पकेट/ब्लकहरु पहिचान गरी सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

छ) स्थानीय रैथाने बालीहरु तरकारी बाली, फलफूल तथा पशुपालनलाई प्राथमिकता दिई सोही अनुसारका कृषि कार्यक्रमहरुको तर्जुमा गर्ने व्यवस्था गरीने छ ।

ज) युवाहरुलाई कृषिमा आकर्षित गर्न युवा लक्षित कृषि कार्यक्रमहरु सञ्चालनमा ल्याउने व्यवस्था गरिनेछ ।

झ) नगरपालिका क्षेत्र भरि बाँझो जमिनहरुको पहिचान गरी सोको माटो गुणस्तर परीक्षण गरी राज्यले लिएको अवधारणा अनुसार चक्लाबन्दी खेतीको अवधारणामा सामुहिक/संस्थागत खेती प्रणाली अवलम्बन गर्न/गराउन प्रोत्साहन गरिनेछ ।

ञ) कृषि र पशु बजारलाई ब्यवस्थित गर्न नगरपालिका स्तरीय एउटा कृषि बजार ब्यवस्थापन समिति निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

ट) नगरपालिका स्तरीय उपयुक्त कृषि सुचना केन्द्रको स्थापनाका लागि पहल गरिनेछ ।

ठ) कृषि/पशु विमा कार्यक्रमहरु सहजरुपमा सञ्चालन गर्न/गराउन ब्यवसायी/कृषक/समुह/सहकारी सबैलाई प्रोत्साहन गरिनेछ।

ड) नगरक्षेत्र भित्रका विभिन्न ठाउँहरुमा पशु स्वास्थ्य शिविरहरु तथा माटो परीक्षणका लागि घुम्ती प्रयोगशाला सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

ढ) कुखुरा पालन ब्यवसायलाई ब्यवस्थित तरिकाले सञ्चालन गर्न/गराउन आवश्यक व्यवस्था मिलाई कुखुरापालन ब्यवसायलाई प्रोत्साहन गरिनेछ ।

ण) नेपाली अर्थतन्त्रको भरपर्दो आधारको रूपमा रहेको कृषि क्षेत्रमा कोरोना महामारीको कारण उत्पन्न भएको चुनौति र अवसरलाई सम्बोधन गर्न कृषिमा श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण, यान्त्रिकरण र आधुनिकीकरण गरी काम र रोजगारी सिर्जना गरिनेछ ।

त) कृषि क्रान्तितर्फ उन्मुख हुन कृषि भूमिको अधिकतम उपयोग गर्दै बालीको सम्भावनाको आधारमा सहकारी/सामुदायिक/निजी फर्म मार्फत कृषि उत्पादन गर्न प्रोत्साहित गर्न/गराउनका लागि सिँचाइ, मल, बीउ, पूँजी, प्रविधि र बजार सुनिश्चितताका लागि आवश्यक पहल गरिनेछ ।

थ) प्राङ्गारिक मलको प्रयोग बढाउँदै अर्गानिक खेती एवं कौशी खेतीलाई प्रवर्द्धन र प्रोत्साहन गरिनेछ ।

द) कृषि उत्पादन तथा उपादकत्व बढाउन सिँचाइ प्रणालीलाई विशेष जोड दिईनेछ ।

## ३.५ राजश्व परिचालन

क) कोभिड-१९ को माहामारी बाट सृजित विषम परिस्थितीका कारण आहत भएका सेवाग्राहीहरुलाई राजश्वमा लाग्ने जरिवानालाई यस आर्थिक बर्षमा छुट दिने व्यवस्था मिलाइने छ ।

ख) नगर क्षेत्र भित्र संचालित विभिन्न किसिमका पेशा व्यवसायहरुको दर्ता र नविकरणका लागि घरदैलो तथा घुम्ती टोली परिचालन गरी सेवा प्रवाहको प्रबन्ध मिलाइने छ ।

ग) आफ्नो व्यवसायिक फर्मको साइन बोर्डमा स्थानीय भाषाको लिपि प्रयोग गरेमा सो बोर्डमा लाग्ने दस्तुरमा ५० प्रतिशत कर छुट दिने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

घ) २०७२ सालको विनासकारी भुकम्पबाट पिडितहरुलाइ नक्सापास दस्तुरमा दिइदै आएको ९० प्रतिशत छुटलाई निरन्तरता दिईने छ ।

ङ) नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका संघीय तथा प्रदेश कानून बमोजिम कर संरचना र कर प्रशासनलाई परिमार्जन, व्यवस्थित र सुदृढीकरण गरिनेछ ।

च) स्थानीय उद्योग वाणिज्य संघका प्रतिनिधिहरु, घरेलु तथा साना उद्योग संघका प्रतिनिधिहरु, बजार व्यबस्थापन समितिका प्रतिनिधिहरु, जनप्रतिनिधि, कर्मचारी तथा कर संकलन स्वयमसेवकहरु समेतको सहभागीतामा घर बहाल र व्यवसाय कर संकलन अभियान एंव सचेतना कार्यक्रम सञ्चालन गरी नगर भित्रका सम्पुर्ण व्यवसायहरुको विद्युतीय अभिलेखीकरण गरिनेछ ।

छ) राजश्व प्रशासनलाई अझै सक्षम, पारदर्शी, प्रविधिमैत्री र सेवाग्राहीमैत्री बनाईने छ ।

ज) प्रचलित करका दरमा वृद्धि नगरी करका दायरा फराकिलो बनाउने नीति लिइनेछ ।

झ) नगरवासीहरुलाई राजश्व सम्बन्धि विस्तृत जानकारी गराउन सन्देशमुलक कर शिक्षा कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

ञ) यस नगर क्षेत्र भित्र व्यवसाय सञ्चालन गरी व्यवसाय कर बक्यौता असुलीमा बिगत बर्षहरुमा बन्द रहेका व्यवसायहरुको हकमा आ.ब. २०७४/०७५ भन्दा अगाडीको बक्यौतामा ५० प्रतिशत छुट दिइदै आएको व्यवस्थालाई निरन्तरता दिईने छ ।

## (४) वन, वातावरण तथा विपद् व्यवस्थापन

### ४.१ फोहरमैला व्यवस्थापन

**क)** उत्पादन स्थलबाटै कुहिने र नकुहिने फोहोर वर्गिकरण गरी संकलन गर्ने व्यवस्था गरिनेछ साथै कुहिने फोहोर जैविक मल बनाउन प्रोत्साहन गरिनेछ ।

ख) नेपाल सरकारबाट घोषणा भए बमोजिम ४० माईक्रोन भन्दा तलको प्लाष्टिक प्रयोगलाई बन्देज लगाईनेछ ।

ग) टोल-टोलमा स्थानीय संघसंस्था क्लबहरुको सहभागितामा सार्वजनिक स्थल सफा राख्न, हरियाली कायम राख्न, साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

घ) नगरपालिकाभित्रको राजमार्ग, नगर स्तरीय मुख्य सडक, बजार तथा फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामग्री तथा पसलहरुलाई विस्थापन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

ङ) घर, सार्वजनिक, ऐतिहासिक स्थलको फोहोर व्यवस्थापनका लागि स्थानीय पाठ्यक्रममा व्यवस्था भए अनुरुप विद्यालयहरुसंग समन्वय गरी वातावरणीय शिक्षा दिने व्यवस्था गरिनेछ साथै एक विद्यालय, एक ऐतिहासिक स्थल सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

### ४.२ वन तथा वातावरण

क) नगरपालिका क्षेत्रभित्र खाली रहेका सरकारी, पर्ती, ऐलानी तथा सार्वजनिक जग्गाहरुमा विभिन्न जाति तथा प्रजातिका बोटविरुवाहरु वृक्षारोपण गर्ने नीति लिइनेछ ।

ख) सार्वजनिक संस्था, व्यापारिक संस्था, बैंक तथा वित्तिय संस्थाहरुसँगको सहकार्यमा हरित सडक र खाद्य सडकको विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ग) नयाँ घर निर्माणका लागि नक्सा बनाउँदा कम्तिमा दुईवटा फलफुल वा उपयुक्त विरुवा रोप्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

घ) नगरका सामुदायिक वनलाई प्रवर्द्धन गरी जलवायु परिवर्तन, सिमसार तथा बन्यजन्तु संरक्षणमा टेवा पुऱ्याई पर्यापर्यटन विकासलाई अगाडि बढाई वन, वातावरण र रोजगारलाई सँगसँगै अगाडि बढाइनेछ ।

ङ) वायु प्रदुषण नियन्त्रणका लागि नगरक्षेत्र भित्रका पुराना बस्तीहरुमा सवारी साधनहरुको प्रवेशलाई निषेध गरी पैदल/साइकल/विद्युतीय सार्वजनिक सवारी साधनको प्रवर्द्धन गरिनेछ ।

## ४.३ विपद् व्यवस्थापन

क) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न स्थापित विपद् व्यवस्थापन कोष सञ्चालनलाई निरन्तरता दिइनेछ ।

ख) सम्भावित विपद्हरूको न्यूनीकरणका लागि जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

ग) नगर क्षेत्रभित्र आवश्यक एम्बुलेन्स, शव वाहन, दमकल लगायतका साधनहरुको सहज पहुँचका लागि आवश्यकता अनुसार निजी तथा अन्य संस्थागत क्षेत्रसँग सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

घ) वडास्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशील बनाइ विपद् पूर्वतयारी कार्यलाई व्यवस्थित गरिनेछ ।

ङ) प्रकोप व्यवस्थापका लागि नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्न नेपाल स्काउट, नेपाल रेडक्रस, सुरक्षा निकाय र अस्पतालसँगको सहकार्यमा सञ्चालित Rapid Response Team (RRT) लाई निरन्तरता दिईनेछ ।

च) विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन सुरक्षा निकायहरू, नेपाल स्काउटसंग सहकार्य गरी उपयुक्त पूर्व तयारी तथा प्रतिकार्य योजना, आपतकालीन कार्य सञ्चालन केन्द्र (भ्इऋ) स्थापना र सञ्चालन सूचना प्रविधिको प्रयोग, तालिम र क्षमता विकास, चेतना र जागरण, औजार उपकरणको व्यवस्थापनलाई निरन्तरता दिईनेछ ।

## ४.४ भू तथा जलाधार संरक्षण

क) यस नगरपालिका क्षेत्रभित्र बाह्रै महिना पानी बग्ने नदी खोला तथा अन्य जलाधार स्रोतहरूको संरक्षण गरी जलाधार क्षेत्रमा हुने भु-क्षय तथा वातावरण प्रदुषणलाई न्यूनीकरण गर्न वायो ईञ्जिनियरिङ्गसहितको जलाधार संरक्षण र सम्वर्द्धन कार्यलाई निरन्तरता दिईनेछ ।

ख) बल्खु र बागमती नदी, दुधपोखरी, सिम, नौमुले, राउटे भीर, सिम्ले खोला, बोसन खोला लगायतको जलाधार क्षेत्रको संरक्षणका लागि तटवन्ध तथा चेकडयाम निर्माण, वृक्षारोपण लगायतका कार्य कार्यलाई निरन्तरता दिईनेछ ।

ग) जल उत्पन्न प्रकोप नियन्त्रणका लागि भवन एवं अन्य पूर्वाधार निर्माणका क्रममा खोला एवं पूर्वाधार निर्माण सम्बन्धी स्वीकृत मापदण्ड कडाइका साथ लागु गरिनेछ ।

**४.५ भूमि नीतिः**

क) वडा नं. ५ र ८ पाँगाको नापी भै जग्गा धनी प्रमाण पूर्जा वितरण हुन बाँकी भएकोमा आगामी आर्थिक वर्षमा समेत निरन्तरता दिईनेछ ।

ख) जग्गा एकीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ग) नगर क्षेत्रभित्र रहेका विर्ता जग्गा स्थानीय सरकारको नाममा ल्याउनको लागि पहल गरिनेछ ।

घ) यस कीर्तिपुर नगरपालिकाको हाल कायम भएको सांध सिमानालाई समेटेर नापी, मालपोत लगायतका सम्बन्धित निकायसँग समन्वय गरी नगरपालिकाको नयाँ भौगोलिक नक्शा प्रकाशन गर्न थप पहल गरिनेछ ।

ङ) नगर क्षेत्र भित्र रहेको सार्वजनिक जग्गा, भवन, सत्तल, पाटी, पौवा, दह, पोखरी, पार्क र मठ मन्दिरको यकिन लगत तयार गरिनेछ ।

च) वडा नं ४ मा पुन नापी शुरू गराईनेछ ।

## (५) भौतिक पुर्वाधार विकास क्षेत्र

५.१ भौतिक पुर्वाधार

क) सम्पन्न हुन बाँकि निर्माणाधिन पूर्वाधार विकासका आयोजनालाई प्राथमिकता दिई सम्पन्न गरिनेछ ।

ख) पूर्वाधारको आयोजना छनौट गर्दा उपलब्ध स्थानीय श्रम, सीप र सामाग्रीलाई प्राथमिकता दिइनेछ ।

ग) ठेक्का उपलब्ध गराउँदा वा उपभोक्ता समिति मार्फत काम गराउँदा अधिकतम रुपमा स्थानीय श्रमशक्ति प्रयोग हुनुपर्ने नीति लिइनेछ ।

घ) ठूला आयोजनाहरू संघ, प्रदेश र स्थानीय तहको साझेदारी तथा समन्वयमा सञ्चालन गरिनेछ ।

ङ) नगरलाई विकृत बनाइरहेको अव्यवस्थित बिजुली, टेलिफोन, ईन्टरनेट, टेलिभिजन केवल लगायतका अन्य तारहरूलाई सम्बन्धित निकायहरुसँग समन्वय गरी व्यवस्थित गर्न आवश्यक कार्य अगाडि बढाइनेछ ।

च) सडक विस्तार तथा निर्माण गर्दा ढल तथा खानेपानीको पाइप लाइन बिछ्याउने कार्य सम्पन्न पश्चात कालो पत्र गरिनेछ साथै साविक सडकमा ढल तथा खानेपानी र अन्य प्रयोजनका लागि सडक खन्नु पूर्व नगरपालिकाको स्वीकृति लिई पुर्व अवस्था भन्दा राम्रो हुने गरी सम्बन्धित पक्षबाट नै काम सम्पन्न गराउने नीति लिइनेछ ।

छ) नगरभित्रका सबै सडकहरूको खाल्डाखुल्डीलाई पुर्ने कार्यलाई द्रुतगतिमा अगाडि बढाइ पानी जम्न नदिन आवश्यक मर्मत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ज) चन्द्रागिरी नगरपालिका जोड्ने दीखुमा पुल निर्माण कार्य सम्पन्न भएकोले सो पुलसम्म जाने सडक स्तरोन्नती गरिनेछ ।

झ) डिपिआर तयार भैसकेको पूर्वी पाँगाको ढल निकास निर्माणका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यक प्रकृया अगाडि बढाइनेछ ।

ञ) कीर्तिपुर नगरक्षेत्रका प्राचिन ताल, दह, पोखरीहरुको संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

ट) वडा नं.४ स्थित पुष्पलाल पार्क देखि चम्पादेवी मन्दिरसम्मको सडक विस्तार तथा स्तरोन्नती गरिनेछ ।

ठ) नगरका मुख्य सडकहरूमा सडक बत्ति जडान गर्ने नगर उज्यालो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

ड) ५०% साझेदारी लागत सहभागिता हुने योजना कार्यान्वयनलाई प्राथमिकता दिइने नीतिलाई निरन्तरता दिइनेछ ।

ढ) नगरक्षेत्रभित्र रहेका विभिन्न सडकहरुलाई नामाकरण गर्दा पुरोना तथा चलनचल्तीको नामहरुनै दिईनेछ ।

### ५.२ खेलकुद विकास

क) खेल मैदान तथा व्यायामशाला निर्माण गरी युवा तथा खेलकुद् विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ख) एक वडा एक खेल मैदानको नीति अबलम्बन गरिनेछ ।

ग) विद्यालय तथा वडास्तरको खेलकुद् प्रशिक्षण कार्यक्रम तथा “मेयर खेलकुद् कार्यक्रम” लाई निरन्तरता दिइनेछ ।

घ) नगरभित्र सञ्चालन हुने विभिन्न खेलकुद् कार्यक्रमहरूलाई र आन्तरिक तथा बाह्य प्रतियोगिताहरूमा सहभागी हुने कार्यलाई निरन्तरता दिइनेछ ।

ङ) विद्यालय तथा समुदाय स्तरमा खेलकुदका पूर्वाधार तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

च) वडा न. ९ र १० स्थित नयाँबजारमा अन्तराष्ट्रिय स्तरको ट्रायक एण्ड फिल्ड सहितको रंगशाला निर्माण सुरू गरिनेछ ।

## (६) सुशासन तथा संस्थागत विकास क्षेत्र

### ६.१ सु-शासन

क) संघ, प्रदेश र स्थानीय तहका कर्मचारी समायोजनको काम सम्पन्न भै सकेको सन्दर्भमा यस नगरपालिकाको संगठन तथा व्यबस्थापन सर्बेक्षण (O&M) आगामी बर्षबाट पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ ।

ख) समय सापेक्ष कर्मचारीहरूलाई आवश्यक क्षमता विकास तालिम कार्यक्रमहरू सञ्चालन गरी दक्ष बनाई नगरबासीलाई उपलब्ध गराउने सेवा प्रवाहलाई चुस्त, दुरुस्त, छिटो, छरितो ,पारदर्शी जवाफदेही र जनउत्तरदायी बनाईनेछ ।

ग) सेवा प्रवाहलाई छिटो छरितो बिश्वसनिय बनाउन आधुनिक सूचना प्रणालीको अधिकतम प्रयोग गरी Remote Based Service Delivery प्रणाली सञ्चालनमा जोड दिइनेछ ।

घ) वडा कार्यालयहरूमा समेत नागरीक वडा पत्र डिजिटल प्रणालीमा रुपान्तरण गरिनेछ ।

ङ) जनप्रतिनिधिहरु/कर्मचारीहरुलाई आगामी आर्थिक वर्षमा क्षमता अभिवृद्धि तथा आन्तरिक पर्यटनको प्रर्बद्धनलाई समेत सघाउ पुग्ने गरी अध्ययन, अवलोकन भ्रमणको व्यबस्था मिलाईनेछ।

च) यस कार्यालयमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादनको आन्तरिक मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी घोषणा गर्दै उचित पुरस्कारको व्यबस्था गरिनेछ ।

छ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको सहयोग तथा समन्वयमा सञ्चालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृणीकरण आयोजनालाई निरन्तरता दिईनेछ ।

ज) यस कीर्तिपुर नगरपालिकामा संचालित जग्गा एकिकरण कार्यक्रम, न्यायिक समिति व्यवस्थापन कार्यक्रम, विद्युतीय नक्सापास प्रणाली अन्तरगत KMEBPSIP-I कार्यक्रम, राजश्व संकलन तथा व्यवस्थापन कार्यक्रम, फोहोरमैला व्यवस्थापन कार्यक्रम र खाल्डाखुल्डी व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

## ६.२ सूचना प्रविधि

क) सूचना प्रविधि IT विकासका लागि समय सापेक्ष थप पूर्वाधारहरू तयार गरिंदै लगिनेछ ।

ख) नगरपालिकामा एकीकृत सूचना प्रणालीको विकास गरी थप प्रभावकारी गर्दै लगिनेछ ।

ग) नगर क्षेत्र भित्रका सार्वजनिक स्थल, धार्मिक स्थल तथा विद्यालय हाता भित्र सञ्चालन हुने गरी फ्रि वाइफाइ तथा सी.सी.टि.भि. व्यवस्थालाई चुस्त, दुरुस्त र प्रभावकारी बनाईनेछ ।

घ) सुशासन तथा शाखागत रिपोर्टिङका लागि प्रणाली विकास गरिनेछ ।

ङ) स्पासियल ईन्फरमेसन (Spatial Information) सहितको घर नम्बरिङ, व्यक्तिगत विवरण, बाटोघाटो, नगरमा रहेका सार्वजनिक स्थानहरु आदि समेटिएको नगर पार्श्व चित्र (नगर प्रोफाईल) तयार गरी भौगर्भिक सूचना प्रणाली (GIS) सँग जोडिनेछ ।

च) नगरपालिकामा सञ्चालनमा रहेका प्रणालीहरुको Digital Security सहित डाटा Backup स्थापना गरीएकोमा सो डाटा सेन्टरबाट सेवा प्रबाहमा IT Tools and Techniques को व्यवस्थापन गरिनेछ ।

छ) पेशाकर्मीहरूको खुल्ला चौतारी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

ज) पत्रकार भेटघाट कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

झ) राष्ट्रिय टेलिभिजनहरूसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

ञ) विद्युतीय नक्सा पास प्रणाली (EBPS) लाई परियोजनागत रुपमै निरन्तरता दिइनेछ ।

ट) नक्सा पास प्रणालीमा विद्युतीय हस्ताक्षर शुरू गरिएकोमा अब अन्य प्रणालीहरुमा समेत निरन्तरता दिईनेछ ।

ठ) डिजिटल सिग्नेचर (Digital Signature), ई-पेमेन्ट, गेटवे र मोबाईल एप्स सञ्चालनमा ल्याइनेछ ।

ड) विकासमा संचाल विषयमा एक कार्यविधि बनाई यस नगरपालिकामा कार्यक्षेत्र भई कार्यरत संचार जगतलाई उत्थान गर्ने नीति लिईनेछ ।

अन्तमा, विश्व समृद्धिको महायात्रालाई नै चुनौती दिईरहेको कोरोना भाइरस (कोभिड—१९) र यसका लहरहरुको महामारीबाट छिट्टै नै मुक्ति पाउन सकियोस् भन्दै प्रस्तुत नीति तथा कार्यक्रममा अमूल्य सल्लाह, सुझाव, प्रतिकृया र परिमार्जन सहित स्वीकृत गरीयोस् तथा यो नीति कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधि, आम जनता र सबै कर्मचारीहरूबाट पूर्ण सहयोग पुग्ने विश्वास लिएको छु ।

समाप्त